अनुसूची-८७

(दफा २११ उपदफा (२) को खण्ड (क) सँग सम्बन्धित)

## निर्वाचन आयोग नेपाल

# प्रतिनिधि सभा सदस्य, प्रदेश सभा सदस्य र स्थानीय तहका सदस्यको उप निर्वाचनको पर्यवेक्षण गर्ने सम्बन्धी सूचना

**(गोरखापत्रमा प्रकाशित मिति २०७६।०७।०८)**

प्रतिनिधि सभा सदस्य, प्रदेश सभा सदस्य र स्थानीय तहका सदस्यको उप निर्वाचनको पर्यवेक्षण गर्न अनुमति प्राप्त गर्न चाहने राष्ट्रिय संघ/संस्थाहरुबाट यो सूचना प्रकाशित भएको मितिले (७) सात दिनभित्र आयोगमा उपस्थित भई योजना, अनुगमन तथा बैदेशिक सम्बन्ध शाखामा वा इमेल www.ecn.planning@gmail.com मा तपसिलमा उल्लिखित कागजातहरु संलग्न गरी निवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीका लागि अनुरोध गरिन्छ ।

निवेदनको नमूना www.election.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

**निवेदनसाथ संलग्न गर्नुपर्ने कागजात :**

क) संघ/संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि,

ख) संघ/संस्था नवीकरण भएको निस्साको प्रतिलिपि,

ग) संघ/संस्थाको विधानको प्रतिलिपि,

घ) संघ/संस्थाको लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि,

ङ) संस्थाका कार्यसमितिका पदाधिकारीहरुको नामावली,

च) विगतमा गरेका राष्ट्रिय/अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षणको अनुभव भए सोको प्रमाण,

छ) पर्यवेक्षण सम्बन्धमा संघ/संस्थाले तयार गरेको ब्रोसर, पुस्तिका, निर्देशिका वा अन्य कुनै प्रकाशन भए सो समेत,

ज) संघ/संस्थाले तयार गरेको पर्यवेक्षक परिचालन सम्बन्धी नीति ।